प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) रासी उपत्यका (दिउखुरी), नेपाल, भाद्र १८ गते, २०८३ साल (सङ्ख्या ०९

भाग ३

लुम्बिनी प्रदेश सरकार

आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय

रासी उपत्यका (दिउखुरी), नेपालको

सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८३।०५।१५ मा स्वीकृत भएको "प्रदेश विपद् व्यवस्थापन तथा कार्य सञ्चालन (पाँचौ संशोधन) निर्देशिका, २०८३" देहाय बमोजिमको सूचना सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

देहायः

प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (पाँचौ संशोधन) निर्देशिका, २०८३

प्रस्तावनाः प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका, २०७६ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (पाँचौ संशोधन) निर्देशिका, २०८३" रहेको छ।

(२) यो निर्देशिका तुरून्त लागु हुनेछ।

२. **प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन निर्देशिका, २०७६ (यस पछि मूल निर्देशिका भनिएको) को दफा १० मा संशोधनः** मूल निर्देशिकाको दफा १० को उपदफा (१) को खण्ड (क) मा रहेको "खोज तथा उद्धार," भन्ने शब्दहरुपछि "विपद्बाट मृत्यु भएकाको शव व्यवस्थापन," भन्ने शब्दहरु थपिएका छन्।

३. **मूल निर्देशिकाको दफा १२ मा संशोधनः** "(१) दफा १२ को उपदफा (१) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

(च) नेपाल सरहदभित्र प्रकोपमा परी लुम्बिनी प्रदेशका कुनै पनि नागरिकको मृत्यु भएमा मृतकका परिवारलाई नेपाल सरकारले प्रदान गर्ने रकममा थप प्रति मृतक रु. १,००,०००/- (एक लाख)।

(२) दफा १२ को उपदफा (३) पछि देहायको उपदफा (३क), (३ख), (३ग), (३घ) र (३ङ) थपिएका छनः-

(३क) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि विपद्का कारण मृत्यु भएका मृतकका परिवारलाई जिल्ला विपद् व्यवस्थापन समितिले यो निर्देशिकाको प्रक्रिया पुरा गरी राहत प्रदान गर्नका लागि प्रदेश विपद् व्यवस्थापन कोषबाट रु. पाँच लाख नघट्ने गरी प्रत्येक जिल्ला विपद् व्यवस्थापन कोषमा रकम पठाइनेछ।

(३ख) विपद्जन्य घटनाका कारण मृत्यु हुनेको सङ्ख्या बढी भई रु. पाँच लाखले नपुग हुने अवस्था भएमा मागको आधारमा जिल्ला विपद् व्यवस्थापन कोषमा थप रकम निकासा दिन सकिनेछ।

(३ग) उपदफा (३क) र (३ख) बमोजिम निकासा भएको रकमको छुट्टै हिसाब राख्ने व्यवस्था जिल्ला प्रशासन कार्यालयले मिलाउनु पर्नेछ।

(३घ) उपदफा (३क) र (३ख) बमोजिम निकासा भएको रकमको खर्च विवरण जिल्ला प्रशासन कार्यालयले यथाशीघ्र मन्त्रालयमा पठाउनुपर्नेछ।

(३ङ) उपदफा (३क) र (३ख) बमोजिमको रकम विपद्का कारण मृत्यु भएका मृतकका परिवारलाई दिइने राहत बाहेक अन्यत्र खर्च गर्न पाइनेछैन।"

.....

आज्ञाले,

भरत मणी पाण्डे
प्रदेश सचिव

आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय, लुम्बिनी प्रदेश, रासी उपत्यका (दिउखुरी), नेपालमा मुद्रित।
मूल्य रु. ५।-